# नवदुर्गा राजपत्र


## नवदुर्गा गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ९ संख्या ६ मिति २०८२ श्रावण २ गते**


## भाग १

## नवदुर्गा गाउँपालिकाको सूचना

सुदूरपश्चिम प्रदेशको स्थानीय तहको कानुन निर्माण प्रक्रिया ऐन, २०७५ को दफा २४ को उपदफा (५) बमोजिम बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो ऐन प्रकाशन गरिएको छ;

संवत् २०८२ को ऐन नं ६

### <u>तथ्याङ्क तथा अभिलेख व्यवस्थापन ऐन, २०८२</u>

**<u>प्रस्तावनाः</u>** नवदुर्गा गाउँपालिकाको समन्यायिक विकास र सम्बृद्धिका लागि आवश्यक नीति तथा योजना निर्माणलाई

तथ्यसंगत बनाउन गुणस्तरीय तथ्यांकको व्यवस्थापनका लागि कानुन निर्माण गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बमोजिम गाउँसभाले यो ऐन बनाएको छ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस ऐनको नाम **“तथ्याङ्क तथा अभिलेख व्यवस्थापन ऐन, २०८२”** रहकोछ।

(२) यो ऐन राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ।

(३) यो ऐन नवदुर्गा गाउँपालिका भित्र मात्र लागु हुनेछ।

२. <u>**परिभाषाः**</u> बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा—

(क) “अध्यक्ष” भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।

(ख) “उपाध्यक्ष” भन्नाले गाउँ कार्यपालिकाको गाउँ उपाध्यक्ष सम्झनुपर्छ।

(ग) “कार्यपालिका” भन्नाले गाउँ कार्यपालिका सम्झनुपर्छ।



नवदुर्गा गाउँपालिका

(घ) "तोकिए र तोकिएबमोजिम" भन्नाले यस ऐन बनेको नियमावली र कार्यबिधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

(ङ) "गाउँपालिका" भन्नाले नवदुर्गा गाउँपालिका सम्झनु पर्छ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(छ) "बिषयगत शाखा" भन्नाले नवदुर्गा गाउँ कार्यपालिका अन्तर्गतको बिषयगत शाखा, उपशाखा, कार्यालय वा एकाइलाई सम्झनुपर्छ।

३. <u>**सूचना तथा तथ्याङ्क संकलन गर्न सक्नेः**</u> (१) गाउँपालिकाले आफ्नो गाउँ क्षेत्रभित्रको आवश्यकता अनुसार सूचना तथा तथ्याङ्क संकलन गर्न सक्नेछ।

(२) गाउँपालिकाले सूचना तथा तथ्याङ्क संकलन गर्नु अघि संकलन गर्नुको औचित्य र यसको

प्रयोगको सम्बन्धमा सरोकारवालालाई आवश्यक परेमा प्रष्ट पार्नु पर्दछ।

(३) उपदफा (२) बमोजिम औचित्य प्रष्ट पारी जुनसुकै व्यक्ति, फर्म, संस्था वा निकायमा सूचना तथा तथ्याङ्क माग गरेमा सम्बन्धित व्यक्ति, फर्म, संस्था वा निकायले उपलब्ध गराउनु पर्नेछ।

४. **सूचना तथा तथ्याङ्क गोप्य राख्नु पर्ने:** प्रचलित संघीय कानुन अनुसार गोप्य राख्नु पर्ने भनिएका सूचना तथा तथ्याङ्क गोप्य राख्नु पर्नेछ।

५. **पार्श्वचित्र र श्रोत नक्शा निर्माण गर्ने:** (१) गाउँपालिको समग्र अवस्था झल्कने गरी गाउँपालिका पार्श्वचित्र तथा श्रोत नक्शाको निर्माण गर्नेछ।

(२) पार्श्वचित्र र श्रोत नक्शालाई आवश्यकता अनुसार नियमित अद्यावधिक गर्नुपर्नेछ।

(३) गाउँपालिकाका बिभिन्न योजना निर्माण गर्दा पार्श्वचित्र र श्रोत नक्शालाई आधार बनाइनेछ।

६. **सूचना तथा तथ्याङ्क प्रयोग वा प्रकाशित गर्नु अघि प्रमाणित गर्नुपर्ने:** (१) गाउँपालिकाले संकलन गरेको प्राथमिक (आधारभूत घरधुरी सर्वेक्षणबाट प्राप्त) तथ्याङ्कहरु प्रयोग वा प्रकाशित गर्नु अघि गाउँ कार्यपालिकाको बैठकबाट प्रमाणीकरण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रमाणीकरण नभई तथ्याङ्कहरु प्रयोगमा ल्याउनु हुदैन।

(३) द्वित्तीय (Secondary) माध्यमबाट संकलित सूचना तथा तथ्याङ्कहरुको प्रमाणीकरण प्रमुख प्रशासकीय अधिकृतबाट गराउनु पर्नेछ।

(४) गाउँपालिकाबाट प्रमाणित भएका वा प्रकाशित भएका सूचना तथा तथ्याङ्कहरु मात्र आधिकारिक हुनेछन्।

७. **स्रोत उल्लेख गर्नुपर्ने:** गाउँपालिकाबाट प्राप्त सूचना, तथ्याङ्क तथा अभिलेख कुनै व्यक्ति, संघ-संस्था वा निकायले प्रयोग गर्दा स्रोत उल्लेख गर्नुपर्नेछ।

८. **अनुमति लिनु पर्ने:** (१) गाउँ क्षेत्रमा कुनै व्यक्ति वा संस्थाले कुनै प्रकारका सूचना तथ्याङ्क संकलन गर्न सर्वेक्षण गर्नु परेमा सर्वेक्षण गर्नुपूर्व गाउँपालिकाबाट अनिवार्य रुपमा अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम संकलन गर्नको निमित्त स्वीकृति प्राप्त गर्न चाहने व्यक्ति वा संस्थाले सम्बन्धित तथ्याङ्क संकलन गर्नको कारण, सो संकलन गरिने क्षेत्र, संकलन गर्दा अपनाइने प्रणाली वा कार्यक्रमको सम्बन्धमा विस्तृत विवरण गाउँपालिकामा पेश गर्नुपर्नेछ।

(३) गाउँपालिकाले औचित्यताको आधारमा सर्वेक्षणको अनुमति दिन सक्नेछ। अनुमति प्राप्त सर्वेक्षणको गाउँपालिकाले अनुगमन गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम अनुमति लिईसके पछि संकलित सर्वेक्षणको नजिताको एक प्रति गाउँपालिकामा पेश गर्नुपर्नेछ।

(५) गाउँपालिकाको स्वीकृत लिई संकलन गरेको सूचना तथा तथ्याङ्कको आधिकारिता प्रमाणित गाउँपालिकाले गर्न सक्नेछ।

९. **शुल्क तोक्न सक्नेः** गाउँपालिकाले संकलन तथा प्रकाशन गरेको सूचना, तथ्याङ्क एवं अभिलेखको शुल्क निर्धारण गर्न सक्नेछ।

१०. **परामर्श सेवा लिन सक्ने**: सूचना, तथ्याङ्क तथा अभिलेख व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग लिनु परेमा केन्द्रीय तथ्याङ्क विभाग वा विज्ञहरुबाट परामर्श सेवा लिन सक्नेछ।

११. **तोकिएबमोजिम हुनेः** सूचना, तथ्याङ्क तथा अभिलेख व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

१२. **नियम बनाउन सक्नेः** कार्यपालिकाले यस ऐनको कार्यान्वयनका लागि आवश्यक नियम, कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ।

१३. **बाधा अड्काउ फुकाउने अधिकारः** यस ऐनको कार्यान्वयनान परेको बाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ।

१४. **बचाऊः** यस ऐनको उद्देश्य तथा बिषयक्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन बमोजिम भएको मानिनेछ।

**आज्ञाले**
हर्ष बहादुर रोका
प्रमुख प्रशासकीय अधिकृत

नवदुर्गा गाउँपालिका